# कोभिड-१९ का कारण स्थगन भएका तालिम पुनः सञ्चालन सहजीकरण कार्यविधि, २०७७

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
व्यावसायिक शिक्षा तथा तालिम अभिबृद्धि परियोजना- दोस्रो
बुद्धनगर, काठमाडौं

## कोभिड-१९ का कारण स्थगन भएका तालिम पुनः सञ्चालन सहजीकरण कार्यविधि, २०७७

प्रस्तावना: विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ संक्रामक रोगको महामारीको कारण स्थगित भएका परियोजनाद्वारा सञ्चालित तालिम एवम् अन्य कार्यक्रमहरूलाई स्वास्थ्य र सुरक्षा सम्बन्धी निर्दिष्ट मापदण्डहरुको परिपालना गर्दै योजनाबद्ध ढंगबाट प्रभावकारी र व्यवस्थित रुपमा सञ्चालन गर्न, गराउन बाञ्छनीय भएकोले,

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना-दोस्रोले यो कार्यविधि बनाई लागू गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "कोभिड-१९ का कारण स्थगन भएका तालिम पुनः सञ्चालन सहजीकरण कार्यविधि, २०७७" रहेको छ।

(२) यो कार्यविधि परियोजनाबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "तालिम" भन्नाले व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना-दोस्रोसँग भएको सम्झौता बमोजिमका सम्पूर्ण कार्यक्रम सम्झनु पर्छ ।

(ख) "तालिम कक्ष" भन्नाले व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना-दोस्रोद्वारा तालिम लगायतका अन्य कार्यक्रम सञ्चालन गर्न अनुमति प्रदान गरेको सिकाइ वा प्रशिक्षण गर्ने स्थल सम्झनु पर्छ ।

(ग) "तालिम प्रदायक संस्था" भन्नाले परियोजनाबाट स्वीकृति प्राप्त तालिम कार्यक्रम सञ्चालन गर्ने तालिम तथा रोजगार प्रदायक संस्थाहरू वा प्राविधिक विद्यालय वा शिक्षालय सम्झनु पर्छ ।

(घ) "परियोजना" भन्नाले नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना-दोस्रो सम्झनु पर्छ ।

(ङ) "प्रशिक्षक" भन्नाले तालिम कार्यक्रम सञ्चालनमा प्रशिक्षण गर्ने व्यक्ति सम्झनु पर्छ ।

(च) "प्रशिक्षार्थी" भन्नाले तालिम कार्यक्रममा सिकारूका रूपमा संलग्न व्यक्ति सम्झनु पर्छ ।

(छ) "संयुक्त अनुगमन टोली" भन्नाले परियोजनाबाट सञ्चालित छोटो अवधिको तालिम कार्यक्रमको अनुगमनका लागि प्राविधिक सहायता प्रदान गर्ने हेल्भेटास/इन्स्योर परियोजनाको नेतृत्वमा रहेको समूह सम्झनु पर्छ ।

(ज) "सीप परीक्षण" भन्नाले प्रशिक्षार्थीले हासिल गरेको सीपको परीक्षण, स्तर निर्धारण तथा प्रमाणीकरण सम्बन्धी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् अन्तर्गतको राष्ट्रिय सीप परीक्षण समितिद्वारा लिइने परीक्षा सम्झनु पर्छ ।

(झ) "सुरक्षा प्रोटोकल" भन्नाले विश्व स्वास्थ्य संगठन, नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, नेपाल मेडिकल काउन्सिल, सार्वजनिक प्रशासन सम्वद्ध आधिकारिक निकायहरूले जारी गरेको स्वास्थ्य र सुरक्षा सम्बन्धी निर्देशन प्रोटोकल सम्झनु पर्छ ।

३. तालिम सञ्चालन अघि गर्नुपर्ने कार्यः परियोजनाद्वारा सञ्चालित सबै प्रकारका तालिम कार्यक्रम एवम् प्राविधिक विद्यालय वा शिक्षालयमा हुने कुनै पनि कार्यक्रम सञ्चालन गर्नु अघि देहायका कार्यहरु गर्नु पर्नेछः-

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना (दोस्रो) काठमाडौं

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं

डा. संजय शर्मा सचिव

(क) परियोजनाबाट तालिम प्रदायक संस्था, तालिम कक्ष, प्रशिक्षक तथा प्रशिक्षार्थीहरूको हालको अवस्था र सहभागिता सुनिश्चितताका लागि अनलाइन वा अफलाइन माध्यमबाट सूचना लिई अवस्था अध्ययन गर्ने,

(ख) खण्ड (क) बमोजिमको अवस्था अध्ययनका आधारमा परियोजनाले तालिम कार्यक्रम पुनः सञ्चालन गर्नु अघि तालिम कक्ष र तालिम सम्बन्धी अन्य कार्यस्थलमा अनुकुल हुने गरी मिति र समय एकीन गरी तालिम पुनः सञ्चालन कार्यक्रम तयार गरी परियोजनाको वेवसाइट वा राष्ट्रियस्तरको पत्रपत्रिकामा सार्वजनिक सूचना प्रकाशन तथा प्रशारण गर्ने वा भर्चुअल वा ई-मेल मार्फत सबै तालिम प्रदायक संस्थालाई जानकारी गराउने,

(ग) संक्रमणको अवस्थाका आधारमा स्थानीय तह वा वडा कार्यालयको पूर्व सहमति वा स्वीकृति लिएर मात्र तालिम वा अन्य कार्यक्रम सञ्चालन गर्ने,

(घ) संक्रमणको जोखिमलाई हेरी तालिम पुनःसञ्चालन सम्बन्धी कार्यक्रमलाई परियोजनाले पुनरावलोकन गर्न सक्ने,

(ङ) प्रशिक्षक तथा प्रशिक्षार्थीहरूको आगमन अघि नै सम्बन्धित तालिम कक्ष, आवास भए सो समेत, तालिममा प्रयोग हुने कोठा, हल, औजार, उपकरण लगायतका सबै प्रकारका सामग्री, शौचालय, खानेपानी, चमेना गृह, खेल मैदान, अन्य कार्यस्थल र सो को परिसर समेतलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा स्वीकृत विधि तथा प्रक्रियाका आधारमा निःसंक्रमित गर्ने,

(च) तालिम प्रदायक संस्था वा अन्य कार्यस्थलसँग सम्बन्धित संस्थाले खण्ड (ङ) बमोजिम निःसंक्रमित भएको स्थानमा समूह कार्य समेत गर्न सकिने गरी दुई मिटरको भौतिक दूरी कायम हुने गरी बसाइ व्यवस्थापन गर्ने,

(छ) खण्ड (च) बमोजिमको बसाइ व्यवस्थापन गर्ने क्रममा विशेष आवश्यकता भएका प्रशिक्षार्थीहरूको लागि समेत सहज हुने गरी व्यवस्थापन गर्ने,

(ज) तालिम पुनःसञ्चालन सम्बन्धी कार्यक्रमबारे तालिम सञ्चालन स्थलमा आइपुग्न पर्याप्त समय राखी तालिम प्रदायक संस्थाले प्रशिक्षक, प्रशिक्षार्थी र सम्बन्धित व्यक्तिहरूलाई सूचना दिने र सोको जानकारी परियोजनालाई दिने,

(झ) प्रशिक्षार्थीहरुलाई कोभिड-१९ का सम्बन्धमा सचेतनाका लागि तालिम प्रदायक संस्थाले सो सम्बन्धी जानकारी गराई तालिममा सहभागिताका लागि सहज र विश्वस्त हुने गरी वातावरण तयार गर्ने,

(ञ) तालिम कार्यक्रममा सहभागिताका लागि तालिम कक्ष वा तालिम सम्बन्धी अन्य कार्यस्थलमा प्रवेश गर्दा प्रशिक्षक, प्रशिक्षार्थी तथा अन्य सम्बन्धित व्यक्तिले स्वास्थ्य र सुरक्षा सम्बन्धी मापदण्ड अनिवार्य रूपमा परिपालना गर्ने,

(ट) रोगको संक्रमण वा आवत जावत रोकावट जस्ता काबुबाहिरका परिस्थितिको कारण कुनै प्रशिक्षार्थी उपस्थित हुन नसक्ने अवस्थामा तालिम प्रदायक संस्थाले जति जना उपस्थित हुन सक्छन सोही संख्याको आधारमा तालिम पुनःसञ्चालन योजना बनाउने,

(ठ) परियोजनासँग सम्बन्धित कार्यस्थलमा आउँदा अनिवार्य रूपमा मास्क लगाएर आउन सबै प्रशिक्षक, प्रशिक्षार्थी तथा अन्य सम्बन्धित व्यक्तिहरूलाई पूर्व सूचित गर्ने ।

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना काठमाडौं

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

डा. संजय शर्मा सचिव

४. <u>तालिम सञ्चालन अवधिमा गर्नुपर्ने कार्य:</u> परियोजनाद्वारा सञ्चालित सबै प्रकारका तालिम कार्यक्रम सञ्चालनका क्रममा देहाय बमोजिम गर्नु पर्नेछ:-

(क) तालिम प्रदायक संस्थाले तालिम सञ्चालन स्थलमा प्रवेश गराउँदा प्रशिक्षक, प्रशिक्षार्थी तथा अन्य कर्मचारीलाई तापक्रम मापन गरी सामान्य अवस्था भएकालाई मात्र तालिम स्थलमा प्रवेश गराउने व्यवस्था मिलाउने,

(ख) तापक्रम मापन गर्दा १००.४ डिग्री फरेन्हाइटभन्दा बढी तापक्रम मापन भएका प्रशिक्षक, प्रशिक्षार्थी वा अन्य व्यक्ति भेटिएमा नजिकैको स्वास्थ्य संस्थामा पठाउने व्यवस्था गर्ने र सो को जानकारी तुरुन्त स्थानीय तहलाई गराउने,

(ग) १००.४ डिग्री फरेन्हाइटभन्दा बढी तापक्रम भएमा तालिम कार्यक्रममा सहभागी नगराउने,

(घ) तापक्रम मापन गर्ने व्यक्तिले पन्जा, मास्क, गाउन, विशेष खालको चस्मा, टोपी, फेस सिल्ड, रबर जुत्ता जस्ता व्यक्तिगत सुरक्षा कवच (पीपीई) लगाई कम्तीमा दुई मिटरको दूरी कायम हुने गरी मापनको प्रबन्ध गर्ने,

(ङ) प्रशिक्षक, प्रशिक्षार्थी तथा अन्य सम्बन्धित व्यक्तिहरूलाई तालिम स्थल प्रवेशदेखि सम्पूर्ण कार्यक्रम अवधिभर अनिवार्य रूपमा मास्क लगाउनु पर्ने व्यवस्था मिलाउने,

(च) तालिम स्थलमा प्रवेश पश्चात् सरसफाईका लागि पर्याप्त मात्रामा साबुन, पानी, स्यानिटाइजरको प्रबन्ध गर्ने साथै पटक पटक साबुन पानीले हात धुने वा स्यानिटाइजरको प्रयोग गर्ने, कम्तीमा दुई मिटरको दूरी कायम हुने गरी बस्ने, खोक्दा वा हाछ्यु गर्दा कुहिनाले नाक मुख छोप्ने, तालिम स्थलमा अनावश्यक भिडभाड नगर्ने, हुन नदिने,

(छ) स्वास्थ्य र सुरक्षा सम्बन्धी विषयमा अभिमुखीकरण गर्ने एवम् आचार संहिता बनाई लागू गर्ने,

(ज) तालिम कार्यक्रम सञ्चालनका क्रममा अनिवार्य रूपमा भौतिक दूरी कायम गर्ने, यसका लागि तालिम प्रदायक संस्थाहरूले आफ्नो भौतिक पूर्वाधारको अवस्था र संक्रमणको अवस्था हेरी एक वा दुई सिफ्टमा तालिम लगायतका अन्य कार्यक्रम सञ्चालन गर्ने,

(झ) तालिम कार्यक्रम सञ्चालन गर्ने क्रममा कोभिड-१९ का कारणले अवरुद्ध रहेका तालिम कार्यक्रमको समय तालिमकालाई आवश्यकता अनुसार विस्तार गरी लागू गर्ने,

(ञ) तालिम कार्यक्रम सञ्चालन गर्ने क्रममा सामाजिक, वातावरणीय एवम् पेशागत स्वास्थ्य र सुरक्षा सम्बन्धी प्रोटोकलको पूर्ण पालना अनिवार्य रूपमा गर्ने गराउने,

(ट) तालिम कक्षको पहुँचभित्र सञ्चालित कोभिड-१९ सम्बन्धी सेवा प्रदायक अस्पताल, चिकित्सक एवम् स्वास्थ्यकर्मी, मनोसामाजिक परामर्शदाता, एम्बुलेन्स आदिको आपतकालीन अवस्थामा समेत सम्पर्क गर्न सकिने विवरण अध्यावधिक गरी राख्ने र उद्दार तथा स्वास्थ्योपचारको भरपर्दो व्यवस्था गर्ने,

(ठ) तालिमका सन्दर्भमा प्रयोग भएका सामग्रीहरू पुनः प्रयोग गर्नुपर्ने भए निःसङ्क्रमित एवम् निर्मलीकरण गरेर मात्र प्रयोग गर्ने,

(ड) तालिम सञ्चालनका क्रममा प्रशिक्षक तथा प्रशिक्षार्थीहरुलाई कम भन्दा कम भौतिक सम्पर्क गर्ने गरी सम्भव भएसम्म भिडियो अनलाइन लगायतका भर्चुअल माध्यमको समेत प्रयोग गर्ने,

तर प्रयोगात्मक कक्षाका हकमा भने भर्चुअल माध्यमलाई निरुत्साहन गर्ने,

(ढ) प्रशिक्षक तथा प्रशिक्षार्थीले प्रत्येक दिन तालिम समाप्त भए पश्चात आवासमा रहँदा परिवारसँग कम्तीमा दुई मिटरको दूरी कायम गरी बस्ने र संक्रमणको कुनै लक्षण देखिएमा एकान्तबास (आइसोलेशन) मा रहन सचेत गराउने,

(ण) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनबाट निर्धारित विधि तथा मापदण्ड अनुसार तालिम स्थलमा उत्पन्न हुने फोहोर नष्ट गर्ने वा व्यवस्थापन गर्ने,

(त) तालिममा प्रयोग गरिने औजार उपकरणहरूको नियमित रूपमा निर्मलीकरण गर्ने,

(थ) पारदर्शी प्लाष्टिक सिट जस्ता किफायती सामग्रीहरू प्रयोग गरी तालिम स्थलको परिसर घेराबारा गर्ने,

(द) प्रशिक्षक तथा प्रशिक्षार्थीले तालिम अवधिभर सान्दर्भिक व्यक्तिगत सुरक्षा उपकरणको अनिवार्य प्रयोग गर्ने,

(ध) सबै प्रशिक्षार्थी एवम् प्रशिक्षकका लागि व्यक्तिगत सुरक्षा उपकरण प्रयोग गर्ने विधिको जानकारी सम्भव भएसम्म स्थानीय भाषामा गराउने,

(न) व्यक्तिगत सुरक्षा उपकरणको पुन:प्रयोग गर्नुपर्ने अवस्थामा त्यस्ता उपकरणहरूलाई निर्धारित विधि तथा मापदण्ड अनुसार नि:संक्रमित गर्ने,

(न) कोभिड-१९ संक्रमणको लक्षण वा संकेत पहिचान तथा सो सम्बन्धमा आवश्यक सहयोगका लागि आवश्यकता अनुसार थप कर्मचारीहरूको व्यवस्था गर्ने,

(प) सम्भव भएसम्म खुट्टाको प्रयोगद्वारा सञ्चालन हुने उपकरण जडान गरी हात धुने स्थलको प्रबन्ध गर्ने,

(फ) संक्रमणको उच्च जोखिम हुने सामुहिक बसाइको व्यवस्था भएका हल वा कार्यालय कक्ष नियमित रूपमा सफाइ गर्नुका साथै नि:संक्रमित तथा निर्मलीकरण गर्ने,

(ब) तालिम स्थलमा प्रवेश गर्ने प्रत्येक व्यक्तिलाई कम्तीमा सत्तरी प्रतिशत अल्कोहल मिश्रित स्यानिटाइजर प्रयोग गरी हात मिच्नुपर्ने वा साबुन पानीले मिचिमिचि हात धुनुपर्ने व्यवस्था मिलाउने।

५. <u>परियोजनाको भूमिका:</u> तालिम कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा परियोजनाको भूमिका देहाय बमोजिम हुनेछ:-

(क) तालिम सञ्चालन गर्नका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, विश्व बैंक तथा अन्य सरोकारवालासँग समन्वय गर्ने,

(ख) तालिम प्रदायक संस्थाहरुसँग आवश्यक छलफल तथा अन्तरक्रिया गर्ने,

(ग) तालिम सञ्चालनका लागि उल्लिखित व्यवस्था कार्यान्वयन गर्न समन्वयकारी भूमिका निर्वाह गर्ने र

(घ) यस कार्यविधिमा उल्लिखित व्यवस्था कार्यान्वयन भए नभएको अनुगमन गर्ने ।

६. <u>संयुक्त अनुगमन टोलीको भूमिका:</u> तालिम कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा संयुक्त अनुगमन टोलीको भूमिका देहाय बमोजिम हुनेछ:-

(क) तालिम स्थल अनुसूचीको रुजु सूची बमोजिम भए नभएको अनुगमन गर्ने,

(ख) तालिम प्रदायक संस्थाले यस कार्यविधिमा उल्लेख भएको शर्त पूर्ण रुपमा पालना गरे नगरेको हेरी नभएको पाइएमा पालना गर्न लगाउने र

(ग) नतिजामा आधारित छोटो अवधिको व्यावसायिक तालिम अनुगमन सहयोगी पुस्तिका-२०७४ बमोजिम अनुगमन कार्ययोजना बनाई अनुगमन गर्ने ।

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना काठमाडौं



नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

डा. संजय शर्मा सचिव

७. <u>तालिम प्रदायक संस्थाको भूमिका:</u> तालिम कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा तालिम प्रदायक संस्थाको भूमिका देहाय बमोजिम हुनेछः-

(क) तालिम सञ्चालनका लागि आवश्यक कार्ययोजना तयार गर्ने,

(ख) तालिम सञ्चालन गर्दा आवश्यक पर्ने औजार, मेशिन तथा अन्य सामग्रीहरु नियमित रूपमा निर्मलीकरण गर्ने,

(ग) तालिममा संलग्न प्रशिक्षक, प्रशिक्षार्थी र अन्य सम्बद्ध व्यक्तिहरुलाई सामाजिक, वातावरणीय, स्वास्थ्य र सुरक्षाका सम्बन्धमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने,

(घ) तालिम सञ्चालन गर्ने क्रममा उत्पन्न हुने फोहरमैलाहरुको समुचित व्यवस्था मिलाउने,

(ङ) दफा ४ मा उल्लिखित प्रावधानहरुको पूर्ण पालना गर्ने, र

(च) तालिम सञ्चालन गर्नु पूर्व सम्बन्धित स्थानीय तह वा वडासँग समन्वय गरी तालिम सञ्चालनको सहमति लिने र सो को लिखित जानकारी परियोजना सचिवालय र संयुक्त अनुगमन टोलीलाई गराउने,

(छ) तालिम परिसरमा हात धुने साबुन र पानी वा स्यानीटाइजरको अनिवार्य व्यवस्था मिलाउने र तालिम कक्षमा प्रवेश गर्दा अनिवार्य रुपमा साबुन पानीले हात धोएको वा स्यानीटाइजर प्रयोग गरेको सुनिश्चित गर्ने,

(ज) ज्वरो, खोकी तथा श्वस प्रश्वासको समस्या भएका प्रशिक्षक, प्रशिक्षार्थी वा अन्य सरोकारवालालाई सकभर तालिम कक्षमा प्रवेश गर्न रोक लगाउने,

(झ) शौचालयलाई दैनिक कम्तीमा दुई पटक नियमित रुपमा सफा गर्ने,

(ञ) धेरै प्रयोग हुने वस्तुहरु जस्तै: ढोका, मेसिन, टेबल तथा अन्य सामग्रीहरु डिसइन्फेक्टेन्ट प्रयोग गरी नियमित सफा गर्ने र

(ट) सहभागीहरुको व्यक्तिगत विवरण पूरै खुल्ने गरी (मोवाइल नम्बर वा फोन नम्बर समेत) अभिलेख राख्ने।

८. <u>प्रशिक्षकको भूमिका:</u> तालिम कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा प्रशिक्षकको भूमिका देहाय बमोजिम हुनेछः-

(क) तालिम सञ्चालन कक्ष जोखिममुक्त रहेको सुनिश्चित गर्ने,

(ख) प्रशिक्षार्थीहरुलाई तालिम अवधिभर अनावश्यक ठाँउमा जाने, धेरै व्यक्तिसँग सम्पर्क गर्ने जस्ता क्रियाकलापबाट टाढै बस्नका लागि निर्देश गर्ने,

(ग) तालिम कक्षलाई सफा सुग्घर राख्नका लागि टोली नेताको चयन गरी आलोपालोको व्यवस्था मिलाउने,

(घ) प्रशिक्षार्थीहरुको सहभागितामा तालिममा पालन गर्नुपर्ने आचार संहिता तयार गरी सबैले देख्ने ठाँउमा टास्ने र पालना गर्न गराउन लगाउने,

(ङ) तालिममा अनुपस्थित भएका प्रशिक्षार्थी उपस्थित भएको दिनमा निजको अनुपस्थित दिनको यात्रा विवरण अध्यावधिक गर्ने,

(च) अनिवार्य रुपमा मास्क वा ३ तहको कपडाको मास्क प्रयोग गर्ने,

(छ) अनावश्यक वस्तु तथा सतहमा नछुने,

(ज) आँखा, नाक र मुखलाई अनावश्यक रुपमा नछुने,

(झ) खोक्दा वा हाच्छ्यु गर्दा रुमाल वा टिस्यू पेपरले मुख छोप्ने, सो सम्भव नभएमा कुहिनाले छोप्ने,

(ञ) तालिम परिसर वा कक्षमा जथाभावी नथुक्ने र



नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना काठमाडौं

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार

(ट) दफा ४ मा उल्लिखित प्रावधानहरुको पूर्ण पालना गर्ने ।

९. <u>प्रशिक्षार्थीको भूमिका:</u> तालिम कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा प्रशिक्षार्थीको भूमिका देहाय बमोजिम हुनेछः-

(क) तालिम कक्षमा प्रवेश गर्दा तोकिएको सुरक्षा मापदण्ड अनिवार्य रुपमा पालना गर्ने,

(ख) सामाजिक तथा भौतिक दूरी कायम गरी तालिम कार्यक्रमलाई मर्यादित, व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न सहयोग गर्ने,

(ग) पूर्व जानकारी गराएर मात्र तालिममा अनुपस्थित हुने,

(घ) आफूले प्रयोग गरेका सामग्रीहरुलाई तालिम सकिएपछि निर्मलीकरण गरी तालिम कक्षबाट बाहिरिने,

(ङ) तालिम कक्षमा देखिएका अनावश्यक फोहरमैलालाई तोकिएको स्थानमा व्यवस्थापन गर्ने,

(च) अनिवार्य रुपमा मास्क वा तीन तहको कपडाको मास्क प्रयोग गर्ने,

(छ) अनावश्यक वस्तु तथा सतहमा नछुने,

(ज) आँखा, नाक र मुखलाई अनावश्यक रुपमा नछुने,

(झ) खोक्दा वा हाच्छ्यु गर्दा रुमाल वा टिस्यू पेपरले मुख छोप्ने, सो सम्भव नभएमा कुहिनाले छोप्ने,

(ञ) तालिम परिसर वा कक्षमा जथाभावी नथुक्ने,

(ट) प्रशिक्षार्थीले पालना गर्नुपर्ने आचार संहिता पूर्ण रुपमा पालना गर्ने र

(ठ) दफा ४ मा उल्लिखित प्रावधानहरुको पूर्ण पालना गर्ने ।

१०. <u>मापदण्ड एवम् मानकको पालना गर्नुपर्ने:</u> तालिम कार्यक्रम सञ्चालन गर्दा परियोजनाद्वारा अनुदान प्राप्त गरेका प्रविधिक विद्यालय वा शिक्षालय, तालिम सम्बद्ध निकाय, तालिम प्रदायक संस्था, तालिम कक्ष, उद्योग वा व्यवसाय, सिकाइ सम्बन्धी सबै प्रकारका कार्यस्थल, प्रशिक्षक, प्रशिक्षार्थी, संयुक्त अनुगमन टोली समेतले नेपाल सरकार वा नेपाल सरकारद्वारा गठित समिति, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश, स्थानीय तह र स्थानीय प्रशासनबाट निर्धारित कोभिड-१९ संक्रमण नियन्त्रण र रोकथाम गर्न सामाजिक, वातावरणीय एवम् पेशागत स्वास्थ्य र सुरक्षा सम्बन्धी निर्धारित मापदण्ड तथा मानकहरूको अनिवार्य रूपमा परिपालना गर्नु पर्नेछ ।

११. <u>प्रतिवेदन सम्बन्धी व्यवस्था:</u> तालिम प्रदायक संस्थाले तालिम कार्यक्रम सञ्चालनका क्रममा मासिक प्रतिवेदन परियोजनामा पठाउनु पर्नेछ ।

१२. <u>तालिम कार्यक्रम स्थगित हुन सक्ने:</u> संक्रमणको जोखिमका आधारमा देशभर वा तोकिएका क्षेत्र वा इलाकामा सञ्चालनमा रहेका तालिम कार्यक्रमहरू जुनसुकै बखत स्थगित गर्न सकिनेछ र, यस्तो अवस्थामा सो कार्यक्रम सञ्चालन हुन सक्ने भएमा यसै कार्यविधिका आधारमा पुनः सञ्चालन गर्न गराउन सकिनेछ ।

१३. <u>अनुगमन:</u> (१) परियोजना, संयुक्त अनुगमन टोली र तालिम प्रदायक संस्थाले कार्ययोजना बनाई स्थलगत अनुगमन गर्नु पर्नेछ । स्थलगत रूपमा अनुगमन गर्न नसकिएको खण्डमा अनलाइनका अन्य माध्यम वा भर्जुअलको माध्यमबाट अनुगमन गरिने व्यवस्था मिलाइनेछ ।

(२) तालिम प्रदायक संस्थाले आवश्यकता अनुसार दैनिक वा साप्ताहिक रूपमा तालिम स्थलको अवस्था अध्ययन तथा अनुगमन गर्ने गराउने व्यवस्था मिलाउनु पर्नेछ ।

१४. <u>थप व्यवस्था गर्न सक्ने:</u> तालिम प्रदायक संस्थाले तालिम कार्यक्रम सञ्चालन गर्दा यस कार्यविधिमा उल्लिखित व्यवस्थाका अतिरिक्त आवश्यकता अनुसार स्वास्थ्य सुरक्षाका उपयुक्त थप व्यवस्था गर्न सक्नेछ ।

१५. <u>व्याख्या गर्ने अधिकार:</u> यो कार्यविधिको अन्तिम व्याख्या गर्ने अधिकार परियोजनालाई हुनेछ ।

१६. <u>बाझिएमा अमान्य हुने:</u> यस कार्यविधिमा उल्लिखित कुनै व्यवस्था प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म यस कार्यविधिको व्यवस्था अमान्य हुनेछ ।

अनुसूची

(दफा ६ को खण्ड (क) सँग सम्बन्धित)

**तालिम स्थल अनुगमन रुजु सुचि**

तालिम तथा रोजगार प्रदायक संस्थको नामः.............................................................................................

तालिम सञ्चालन भएको जिल्ला............................................ गाउँ/नगरपालिका .............................................

वडा नं............. तालिम समूह (TGID) ..............................................

मुख्य प्रशिक्षकको नाम.............................................................................................................

सहायक प्रशिक्षकको नाम.........................................................................................................

समन्वयकर्ताको नाम र सम्पर्क नं. ..........................................................................................

| क्र. सं. | विवरण | व्यवस्था र प्रयोग | | कैफियत |
|---|---|---|---|---|
| | | छ | छैन | |
| १ | स्थनीय तहको समन्वय र सहभागितामा तालिम सञ्चालन गर्ने आधार तयार | | | |
| २ | तालिमका सहभागी संख्याका आधारमा सफा पानी र साबुन सहितको हात धुने व्यवस्था | | | |
| ३ | सिकाइ सामग्री लगायत अन्य सामग्री दिनमा कम्तीमा एक पटक निःसङ्क्रमण वा निर्मलीकरण गर्ने प्रबन्ध र सोको प्रयोग | | | |
| ४ | तालिमका प्रशिक्षार्थीका लागि अलग्गै शौचालयको व्यवस्था | | | |
| ५ | तालिम कक्षमा प्राथमिक स्वास्थ्य उपचार सामग्रीको व्यवस्था | | | |
| ६ | तालिमका प्रशिक्षक तथा प्रशिक्षार्थीमा कुनै स्वास्थ्य सम्बन्धी समस्या आएमा तत्काल घरपरिवारलाई जानकारी गराउने | | | |

| | | | | |
|---|---|---|---|---|
| | प्रबन्ध भएको | | | |
| ७ | स्वास्थ्यकर्मी, मनोसामाजिक परामर्शदाता, अस्पताल, एम्बुलेन्स आदिको सम्पर्क नम्बर सहितको विवरण अद्यावधिक भएको | | | |
| ८ | भौतिक दुरी कायम हुने गरी प्रशिक्षार्थी बस्ने व्यवस्था | | | |
| ९ | अनुगमनको जिम्मेवारी किटान भएको संयन्त्र | | | |
| १० | तालिम स्थलमा खाजाको व्यवस्था | | | |
| ११ | तालिम स्थललाई क्वारेन्टिन वा आइसोलेसन बनाइएको भएमा निःसङ्क्रमण वा निर्मलीकरणसहित थप शुद्धताको व्यवस्था | | | |
| १२ | सबै प्रशिक्षार्थीहरुलाई तालिम सिकाइ सामाग्रीको प्रबन्ध | | | |
| १३ | स्थानीय तह, स्वास्थ्य संस्था बीच समन्वय गर्ने व्यवस्था | | | |
| १४ | तालिमका समग्र दैनिक गतिविधि, आचासंहिताको पालना र कार्यान्वयनको पालना अनुगमन तथा सहजीकरण व्यवस्था | | | |
| १५ | तालिम स्थलमा परीक्षण, विना बाहिरी व्यक्तिहरुको प्रवेश निषेधको व्यवस्था | | | |
| १६ | प्रशिक्षक र प्रशिक्षार्थीहरुले अनिवार्य रुपमा मास्क प्रयोग गर्ने व्यवस्था | | | |

अनुगमन गर्नेको नामथरः १.................................... २.........................................................

हस्ताक्षरः १.................................... २.........................................................

मितिः

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
प्राविधिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना (दोस्रो)
काठमाडौं

डा. संजय शर्मा
सचिव